# Voice सेवा प्रदायकहरुलाई नेपाल दूरसञ्चार प्राधिकरणबाट जारी गरिएको निर्देशन

श्री सम्मानित सर्वोच्च अदालतबाट जारी गरिएको सूचनामा पहुँच सम्बन्धी (कार्यविधि) निदेशिका, २०७४ को अधिनमा रही सम्बन्धित Voice सेवा प्रदायकहरुलाई देहाय बमोजिमको निर्देशन पालना गर्न यो सूचना प्रकाशन गरिएको छ ।

- ✓ नेपाल प्रहरी लगायत Law Enforcement Agency हरुबाट अपराध अनुसन्धानको लागि माग भई आउने वा आएका विवरणहरु सबै सेवा प्रदायकहरुको ३६५ दिन २४ सै घन्टा उपलब्ध गराउने र सो को लागि सेवा प्रदायकहरु सम्पर्क अधिकृतको व्यवस्था गरी प्राधिकरणलाई ३ दिन भित्र जानकारी गराउने ।
- ✓ दूरसंचार सेवा प्रदायकहरुले ६ महिना सम्मको Active (Live) तथा एक वर्षसम्मको Passive (Stored) गरी १८ महिनाको Operational Data (SIM/Call-Wise Location, CellID, IMEI, etc सहित) उपलब्ध गराउने ।
- ✓ दूरसंचार सेवा प्रदायकहरुले कम्तिमा ३० दिन सम्मको SMS Detail तथा ६ महिनासम्मको SMS को Log अनुसन्धानको लागि आवश्यक परेको बखत सम्बन्धित निकायलाई तत्काल उपलब्ध गराउने साथै ६ महिना भित्र कार्यान्वयन गर्ने गरी ३ महिनासम्मको SMS Detail उपलब्ध गराउने व्यवस्था गर्ने ।
- ✓ सबै ISP को अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले ६ महिनासम्मको Content बाहेकको Internet User Activity Log अनुसन्धानको लागि अनुसन्धान अधिकृतहरुलाई तत्काल उपलब्ध गराउने ।
- ✓ सबै ISP को अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले ३ महिनासम्मको Internet NAT (Network Address Translation) Record अनुसन्धानको लागि अनुसन्धान अधिकृतहरुलाई उपलब्ध गराउने ।
- ✓ सबै सेवा प्रदायकहरुले ग्राहकको सेवा सुचारु (Active)भएको २४ घण्टा भित्र ग्राहकहरुको नाम र ठेगाना तथा एक हप्ता भित्र फोटो सहितको विस्तृत विवरण सेवा प्रदायकहरुको Databaseमा Update गरी सक्नुपर्ने ।
- ✓ दूरसंचार सेवा प्रदायकहरुले एक वर्ष भित्र प्रयोगमा आएका Mobile Users/Subscribersको मोबाइल सेटको IMEI (International Mobile Equipment Identity) Number उपलब्ध गराउने ।
- ✓ नेपाल प्रहरी लगायत Law Enforcement Agencyहरुले अपराध अनुसान्धानको सिलसिलामा अग्रिम रुपमा जानकारी ग्राहकसंग सम्बन्धित विवरण हरु Record गरी उपलब्ध गराउने ।


**नेपाल दूरसञ्चार प्राधिकरण**

**अनुगमन महाशाखा**

**श्रीकुञ्ज भवन, कमलादी, काठमाडौं, नेपाल**

**फोन नं : ४२५५४७४, फ्याक्स नं : ४२५५२५०**

**Email: info@nta.gov.np, URL: www.nta.gov.np**